भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
दर्ता नं. :- ४४४३
दर्ता मिति :- २०८०।११।२३

निर्वाचन आयोग नेपाल

# प्रदेश निर्वाचन कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

मिति २०८०/११/२३
नेपाल संवत् ११४४ सिल्लागा, ११ बुधवार

प.सं. २०८०/०८१
च.नं. १२२
श्री स्थानीय तह सबै, कैलाली ।

**विषयः आवश्यक सहयोग तथा समन्वय सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा निर्वाचन आयोग नेपालको प.सं. च.नं. Ref.२०८०।०८१।६८ र मिति २०८०।११।१६ को प्राप्त पत्रानुसार आयोगको मिति २०८० फागुन १३ गतेको निर्णय अनुसार इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा रिक्त प्रदेश सभा सदस्य पदमा आयोगवाट मिति २०८१ बैशाख १५ गते उप निर्वाचन गर्ने गरी मिति तोकिएको छ । उप निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्न मतदाताको उमेर १८ वर्ष पुग्ने निर्दिष्ट मिति (cut off Date) निर्धारण तथा मतदाता नामावली अधावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम २०८० संचालन हुने भएकोले उक्त कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहयोग तथा समन्वयको लागि तपसिल बमोजिमका अनुसूचिहरु यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ । साथै अधावधिकका क्रममा त्रुटि सच्याउन, दोहोरो नाम भए हटाउन र मृत्युभएको भए विवरण हटाउन आयोगको वेव साईट election.gov.np मार्फत अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालयमा वा वडा कार्यालयमा निवेदन दिन सकिने तथा मतदाता नामावली दावी विरोध तथा अधावधिक प्रयोजनको लागि आयोगको वेव साईटमा प्रकाशन हुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसिल

| क.सं. | अनुसूची विवरण |
|---|---|
| १. | मतदाता नामावली अधावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्वन्धी सूचना (अनुसूची -१) |
| २. | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा (अनुसूची -२) |
| ३. | झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्वन्धमा उजुरी दिने ढाँचा (अनुसूची -३) |
| ४. | मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा (अनुसूची -४) |
| ५. | मतदाता नामावलीवाट नाम हटाउन दिने सूचनाको ढाँचा (अनुसूची -५) |

बोधार्थ
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं ।
श्री जिल्ला प्रशासन कार्यालय, कैलाली ।

२०८०।११।२३
(प्रेमराज भट्ट)
नि. प्रदेश निर्वाचन अधिकारी
प्रदेश निर्वाचन अधिकारी

Email: deo.kailali@election.gov.np ☎ ०९१-५२३३८३ फ्याक्स: ०९१-५२६३८३

# निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

### प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय ........

### मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |

अनुसूची-२

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ..............................

विषयः- मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन पेश गरेको सम्बन्धमा ।

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री .....................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| | मतदाता नं. | नाम थर | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम | गाउँपालिका/नगर पालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| हाल त्रुटि भएको विवरण | | | | | | | | | | |
| त्रुटि सच्याउनु पर्ने विवरण | | | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | | | |

निवेदन दिनेको नाम थर ............................ दस्तखत .................... ठेगाना...................................... मिति.........................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर................................................दर्जा ......................... दस्तखत .............. मिति ..............

अनुसूची-३

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ............................

विषयः- झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ..................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नामावलीबाट नाम हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

उजुरी दिनेको नाम थरः ............................ दस्तखत............... ठेगाना...................................................मिति..................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर..............................................दर्जा ........................ दस्तखत ............... मिति .............

अनुसूची-४

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ..............          निवेदकको गाउँपालिका/नगरपालिका..............          वडा नं. ..............

विषयः- मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाई एक स्थानमा मात्र नाम कायम गरि पाऊँ ।

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ......................................को नाम विवरण एक भन्दा बढी स्थानमा समावेश भएको हुँदा तपसिल बमोजिम एक स्थानमा मात्र कायम राखी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाइदिनुहुन मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम यो निवेदन पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ ।

तपसिल:

| | मतदाता नं. | नाम थर | मतदाता नामावलीमा कायम ठेगाना | ना.प्र.प.नं./ जिल्ला | उमेर/जन्ममिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|---|
| दोहोरो परेको नाम | १............. २............. | १....................... २....................... | १....................... २....................... | १............. २............. | १........... २........... | १....... २....... | १....................२ .................... | १..................२ .................. |
| कायम राख्नु पर्ने नाम | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | |

निवेदन दिनेको नाम थर ..............................   दस्तखत.........................   ठेगाना.......................................   मिति.................

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर...........................................दर्जा ......................... दस्तखत ...............   मिति ..............

अनुसूची-४

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला .............. गाउँपालिका/नगरपालिका.............. वडा नं. ..............

विषयः- मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा ।

मिति .............. मा प्रकाशित मतदाता नामावलीमा रहेको म/मेरो ..............................(नाता) श्री ................................ विवाह/बसाइँ सराई/मृत्यु भएको हुँदा निजको मतदाता नामावलीमा तपसिल बमोजिमको नाम मतदाता नामावलीबाट हटाउनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम यो सूचना दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिलः

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

सूचना/निवेदन दिनेको नाम थरः ............................ दस्तखत.................. ठेगाना............................................ मिति................

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर........................................दर्जा ...................... दस्तखत .............. मिति ...........